# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७४

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो नियमावली बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७४" रहने छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "अभिभावक" भन्नाले बौद्धिक अपाङ्गता, अटिज्म र पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको आमा, वुवा वा एकाघरमा रही त्यस्ता व्यक्तिको प्रत्यक्ष पालन पोषण गर्ने ब्यक्ति सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "परिचयपत्र" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई नियम ५ बमोजिम प्रदान गरीने अपाङ्गता परिचयपत्र सम्झनु पर्छ ।

(घ) "विपन्न" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आय भन्दा कम आय भएका ब्यक्ति र परिवार सम्झनु पर्छ ।

(ङ) "सहायक सामग्री " भन्नाले अपाङ्गता भएका ब्यक्तिले दैनिक जीवन यापन गर्न प्रयोग गर्ने सामाग्री सम्झनु पर्दछ ।

(च) "सामुदायिक सहायता सेवा" भन्नाले समुदाय स्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशिलतालाई सहज बनाउन उपलब्ध गराइने मानवीय तथा अन्य सेवाहरू सम्झनुपर्छ ।

## परिच्छेद–२
## अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख

३. अपाङ्गताको वर्गीकरण सिफारिस समिति : (१) अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्नु पर्ने भएमा मन्त्रालयले ऐनको दफा ३ को उपदफा (२) बमोजिम देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछ ।

(क) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - संयोजक

(ख) स्वास्थ्य सेवा विभागका सम्बन्धित शाखा प्रमुख - सदस्य

(ग) मन्त्रालयले तोकेको एक जना विशेषज्ञ चिकित्सक - सदस्य

(घ) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल - सदस्य

(च) मन्त्रालयको सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

(२) सिफारिश समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित बिषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको सिफारिस समितिले नेपालको कानूनी व्यवस्था, अन्तराष्ट्रिय मापदण्ड तथा अभ्यासको आधारमा अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्नको लागि मन्त्रालयमा सिफारिस गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सिफारिस समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. अपाङ्गता परिचयपत्रको लागि निवेदन दिने : (१) ऐनको दफा ४ बमोजिम अपाङ्गता परिचयपत्र प्राप्त गर्नको लागि अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) ऐनको दफा ४ को उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तहका वडा अध्यक्षले निवेदन दिंदा समेत उपनियम (१) बमोजिम दिनु पर्नेछ ।

५. परिचयपत्र दिने : नियम ४ बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले ऐनको दफा ४ बमोजिम जाँच गरी अनुसूची -२ बमोजिमको ढाँचामा अपाङ्गता परिचय पत्र प्रदान गर्नेछ ।

६. उजुरी दिन सक्ने : (१) ऐनको दफा ४ को उपदफा (७) बमोजिम कार्यालयले गरेको निर्णय उपर चित्त नवुझेमा उजुरी दिदा अनुसूची-३ बमोजिमको ढाँचामा उजुरी दिन सकिने छ।

(२) उपिनयम (१) बमोजिमको उजुरी कार्यालयमा प्राप्त भएमा कार्यालय प्रमुखले त्यस्तो उजुरी तीनदिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. अपाङ्गता भएका व्यक्तिको अभिलेख : (१) स्थानीय तहले ऐनको दफा ६ बमोजिम अपाङ्गता भएका व्यक्तिको अभिलेख अनुसूची -४ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

(२) मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको स्थानीय तह, जिल्ला, प्रदेश समेत खुल्ने गरी एकीकृत तथा राष्ट्रिय अभिलेख राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको राष्ट्रिय अभिलेख राख्न सूचना सङ्कलन तथा विश्लेषणको लागि मन्त्रालयले अनलाइन सूचना सङ्कलन प्रणाली लगायत विश्लेषण तथा प्रशोधनको लागि आवश्यक कम्प्युटर सफ्टवेयर प्रणालिको विकास गर्नेछ।

(४) उपनियम (२) बमोजिमको अभिलेखको विवरण प्रचलित संघिय कानूनको अधिनमा रही मन्त्रालयले वेवसाइट मार्फत सार्वजनिक गर्न सकिनेछ ।

(५) उपनियम (२) बमोजिमको कम्प्युटर अभिलेखलाइ मन्त्रालयले परिचयपत्र उपलब्ध गराउने कार्यालयले अनलाईनबाटै अद्यावधिक गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) केन्द्रीय तथ्याक विभागले राष्ट्रिय जनगणना गर्दा अपाङ्गताको वर्गिकरण अनुसारको खण्डिकृत तथ्याकं संकलनकाको ब्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद—३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

८. सहायक सामग्री उपलब्ध गराउने : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको प्रकृति र अवस्था बमोजिम आवश्यक पर्ने अनुसूची-५ मा उल्लेख गरिएका सहायक सामग्री उपयुक्त प्राविधिक नापजाँच सहित उपलब्ध गराउनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री सहज र सरल तरिकाले उपलब्ध गराउनको लागि नेपाल सरकारले स्थानीय तहबाटै यसको वितरणको व्यवस्था मिलाउँनेछ ।

(३) सहायक सामग्रीको गुणस्तर नियन्त्रण, वितरण तथा अनुगमन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ

९. सामुदायिक सहायता सेवा : ऐनको दफा ९ को उपदफा (२) बमोजिम पूर्ण तथा अतिअशक्त अपाङ्गता भएका व्यक्तिलाइ उनीहरुको आवश्यकता अनुसार समुदाय स्तरमा देहायबमोजिम सामुदायिक सहायता सेवाहरू नि: शुल्क उपलब्ध गराइनेछ ।

(क) ब्यक्तिगत सहयोगि सेवा,

(ख) आंशिक सहयोगि सेवा,

(ग) अपाङ्गता स्याहार केन्द्र,

(घ) थेरापी सेवा ।

१०. सामाजिक सुरक्षा सम्बन्धि ब्यावस्था : (१) अपाङ्गता भएका व्यक्तिलाई देहाय बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने छ ।

(क) शारीरिक अपाङ्गता भई हिँडडुलमा समस्या भएका अपाङ्गता भएका ब्यक्तिले प्रयोग गर्न विशेष प्रकारले निर्माण गरिएको रिक्सा र चार पाङ्ग्रे स्कुटरको लागि प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारका भन्सार छुट हुनेछन्।

(ख) पुर्ण र अति अशक्त अपाङ्गता भएका ब्यक्तिहरुलाई सवारी साधन खरिदको लागि लाग्ने रकम मध्ये नेपाल सरकारले निर्णय गरे बमोजिमको रकमको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(ग) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको निवारणको लागि प्रयोग गर्नु पर्ने औषधि खरिदको लागि लाग्ने रकममा नेपाल सरकारले निर्णय गरे बमोजिमको रकमको आर्थिक सहयोग उपलब्ध हुनेछ ।

(घ) पुर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका ब्यक्तिले प्रयोग गर्ने ४ पाङ्ग्रे गाडि, दिवा सेवा केन्द्र, पुर्नस्थापना केन्द्र र अपाङ्गता भएका

ब्यक्तिहरुलाई अध्यापन गराउने विद्यालयका लागि स्कुल वसमा पुर्ण रुपमा भन्सार छुट हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा वापत सरकारले तोके बमोजिमको रकम सम्बन्धित स्थानीय तहको वडा कार्यालयले सम्बन्धित व्यक्तिको बैक खातामार्फत उपलब्ध गराउनेछ ।

(३) पुर्ण अशक्त अपाङ्गता भएका ब्यक्तिहरुलाई निजको दैनियक जीवन यापन र आवागमनमा सहयोग पुर्याउन २४ घण्टाका लागि निजको इच्छा अनुसार ब्यक्तिगत सहयोगी सेवा उपलब्ध हुनेछ ।

## परिच्छेद–४

## अपाङ्गता भएका महिला तथा बालबालिकाको अधिकार सम्बन्धि ब्यावस्था

११. अपाङ्गता भएका महिलाको ज्ञान, सीप तथा क्षमताको उपयोगको लागि कार्यक्रम सञ्चालन गर्ने : (१) नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न देहाय बमोजिमको व्यावस्था मिलाउँनेछ ।

(क) अपाङ्गता भएका महिलाको रुची तथा निजहरुमा रहेको ज्ञान, सीप तथा क्षमताको पहिचानको लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) अध्ययन तथा अनुसन्धानको आधारमा अपाङ्गता भएका महिलाको रुची र ज्ञान, सीप तथा क्षमताका आधारमा उपयुक्त पेशा वा व्यवसाय विकासको लागि तालिम तथा तथा अभिमुखीकरण सञ्चालन गर्ने, गराउने,

(ग) व्यवसाय विकासको लागि विउ पूँजीको रुपमा अनुदान दिने,

(घ) आफ्नो व्यवसाय गर्न चाहनेलाई विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ङ) अपाङ्गता भएका महिलाहरुले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुहरुको बिक्रि तथा बजारिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(च) सार्वजनिक सेवामा प्रवेश गर्न चाहने अपाङ्गता भएका महिलाको लागि आवश्यक तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(छ) अपाङ्गता भएका महिलाको आय आर्जनका लागि नेपाल सरकारले उपयुक्त ठानेका अन्य आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(२) उपनियम (१) बमोजिमको व्यवस्था मिलाउनको लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१२. अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षणः ऐनको दफा २० बमोजिम अपाङ्गता भएका बालबालिकाको अधिकारलाई कार्यान्वयनको लागि सार्वजनिक सेवामा देहाय बमोजिम विशेष संरक्षणको व्यवस्था मिलाउनेछन् ।

(क) अपाङ्गता भएका बालबालिकाको हेरचाह तथा स्याहरको लागि परिवारका सदस्यलाई आवश्यक तालिम तथा सहयोग दिइनेछ

(ख) अपाङ्गता भएका बालबालिकाहरूका लागि प्रारम्भिक पहिचान र हस्तक्षेपको लागि स्थानीय तहमा नै व्यवस्था गरिनेछ ।

(ग) अपाङ्गता भएका बालबालिकाको खेलकुद र मनोरञ्जनको लागि स्थानीय तहमा विशेष व्यवस्था गरिनेछ ।

(घ) सरकारी अताल तथा स्वास्थ्य केन्द्रहरुमा निःशुल्क उपचार गर्ने व्यवस्था गरिनेछ ।

(ङ) स्थानीय स्वास्थ्य केन्द्र र अस्पतालहरूमा प्रारम्भिक अपाङ्गता पहिचान, परामर्श तथा आधारभूत स्वास्थ्य सम्बन्धी पुनर्स्थापनाको लागि आवश्यक क्षमता विकास र मानव स्रोतको व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ५

## अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धि ब्यावस्था

१३. निःशुल्क शिक्षा उपलब्ध गराउनेः (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् वा यस्तै अन्य निकायले प्रदान गर्ने तालिम तथा शिक्षामा अपाङ्गता भएका विद्यार्थीको लागि कम्तिमा पाँच प्रतिशत सीट संख्या छुट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सुरक्षित गरिएको सिटमा योग्यता पुगेका अपाङ्गता भएका विद्यार्थीहरु मध्येबाट प्रतिष्पर्धा गराई योग्यताक्रमको आधारमा भर्ना लिनु पर्नेछ ।

(३) अपाङ्गता भएका विद्यार्थीलाई अध्ययनको लागि आवश्यक पाठ्यपुस्तक, स्टेशनरी, पोशाक, पोषण तथा आवश्यकता अनुसार आवासको लागि मासिक रुपमा नेपाल सरकाले निर्णय गरे बमोजिमको रकम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(४) विद्यालयको भौतिक वातावरण तथा अन्य भौतिक सेवा सुविधाहरुमा अपाङ्गता भएका विद्यार्थीहरूको पहुँच अभिवृद्धि गर्न त्यस्ता भौतिक संरचनालाई पहुँचयुक्त बनाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(५) नेपाल सरकारले बौद्धिक अपाङ्गता, मनोसामाजिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ।

(६) पुर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका ब्यक्तिलाई उनीहरुको इच्छा अनुसार आवासिय सेवा सहितको शिक्षा उपलब्ध गराउनेछ ।

१४. <u>निजी विद्यालयले छात्रवृत्तिको लागि सीट उपलब्ध गराउनु पर्ने</u> : (१) निजी क्षेत्रका विद्यालयले नेपाल सरकारलाई छात्रवृत्तिको रुपमा उपलब्ध गराउने नि:शुल्क सिट संख्यालाई सय प्रतिशत मानी त्यसको १५ प्रतिशत सिट संख्यामा विपन्न परिवारका अपाङ्गता भएका विद्यार्थीलाई नि:शुल्क अध्ययनको सुविधा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भर्ना लिंदा अपाङ्गताको गम्भीरताका आधारमा प्राथमिकता दिनु पर्नेछ ।

१५. <u>आवासीय शिक्षा उपलब्ध गराउने</u> : (१) नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, विद्यालय आफै जान आउन नसक्ने गरी अपाङ्गता भएका र विपन्न तथा असाहाय अपाङ्गता भएका विद्यार्थीको लागि पहुँचयुक्त आवास सुविधा सहितको शिक्षा उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले उप नियम (१) बमोजिमको सुविधा उपलब्ध गराउनको लागि नियम १४ बमोजिम आवासिय सुविधा भएका निजी क्षेत्रका विद्यालयले उपलब्ध गराएको छात्रवृत्तिको सीटमा समेत व्यवस्था गर्नु पर्नेछ ।

१६. <u>शिक्षामा सूचना प्रविधिको प्रयोग</u> : (१) नेपाल सरकारले सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन गरी बौद्धिक अपाङ्गता, दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, श्रवणदृष्टिविहिन लगायतका अपाङ्गता भएका विद्यार्थीलाई शिक्षा प्रदान गरिनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सहज बनाउन कम्प्युटर लगायत सो मार्फत अध्ययन गर्न आवश्यक पर्ने विशेष सफ्टवेयर वा उपकरण उपलब्ध गराइनेछ र शैक्षिक सामग्रीहरू अडीयो, ब्रेल, चित्र, भिडीयो, साङ्केतिक भाषा लगायतका ढाँचामा उत्पादन गरी उपलब्ध गराइनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिको शिक्षाको लागि विशेष प्रकारका शैक्षिक सामग्री तथा सो सँग सम्बन्धित अन्य वस्तु तथा सेवाको पैठारी तथा निर्माणमा प्रचलित कानून बमोजिम कर छुट तथा सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ ।

१७. <u>छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने</u> : (१) नेपाल सरकारले निर्धारण गरेको संख्यामा प्रत्येक वर्ष अपाङ्गता भएका विद्यार्थीलाई नि:शुल्क नगरिएको शिक्षामा भर्ना भई अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीको लागि शैक्षिक शुल्क, आवास, स्टेशनरी तथा अन्य खर्चको लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको रकम शैक्षिक छात्रवृत्तिको रुपमा उपलब्ध गराउनेछ ।

(२) अपाङ्गता भएका ब्यक्तिको लागि नि:शुल्क नगरीएको शिक्षाको लागि नेपाल सरकारले निर्णय गरेबमोजिम शैक्षिक छात्रवृति उपलब्ध गराउने छ।

(३) अपाङ्गता भएका ब्यक्तिले बिदेशमा गई उच्च शिक्षा लिन चाहेमा नेपाल सरकारले निर्णय गरे बमोजिमको छात्रवृत्ति उपलब्ध हुनेछ ।

१८. <u>विद्यालयलाई सहयोग उपलब्ध गराउने</u> : (१) नेपाल सरकारले विद्यालयको पुर्वाधारलाई पहुँचयुक्त बनाउनको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकारले पहुँचयुक्त छात्रवासको सुविधा उपलब्ध गराई अपाङ्गता भएका विद्यार्थीका लागि विशेष/समावेशी शिक्षा कार्यक्रम सञ्चालन गरेका सामुदायिक विद्यालयलाई त्यस्तो विद्यालयको प्रस्ताव तथा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा आर्थिक, प्राविधिक सहयोग तथा आवश्यक सामग्री उपलब्ध गराउनेछ ।

(३) उपनियम (२) बमोजिमको विद्यालयको भौतिक पुर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि सम्बन्धित स्थानीय तहले तीस प्रतिशत लगानी गर्ने भएमा बाँकी लगानीको लागि नेपाल सरकारले सम्बन्धित विद्यालयलाई कार्यक्रमको आधारमा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१९. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्द्धनको लागि त्यस्ता विद्यार्थीलाई आवश्यकता अनुसार स्टेशनरी, पाठ्यपुस्तक, विद्यालय जान तथा आउनको लागि सहजताको लागि ब्यक्तिगत सहयोगी सेवा, दिवा खाजा, पोशाक सामग्री उपलब्ध गराउनेछ

(२) अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक आया र अपाङ्गता भएका शिक्षकका लागि नेपाल सरकारले अपाङ्गता पहिचान, सिफारिश, सामान्य थेरापी, ब्यक्तिगत पाठ्ययोजना, ब्यक्तिगत हेरचार, क्षमता विकास आदी जस्ता कार्यक्रम सञ्चालन गर्न गर्नेछ

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्नको लागि विद्यालयलाई देहाय बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनेछ :

(क) अपाङ्गता भएका विद्यार्थीलाई अध्यापनमा सहजता हुने आवश्यकतामा आधारित पाठ्यपुस्तक तथा सामग्री,

(ख) सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्ययापनमा आवश्यक पर्ने डेजि युपिआर जस्ता कम्युटर, श्रव्य दृष्य सामग्री वा सूचना प्रविधिका सामग्रीहरु

(ग) पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्रीहरु,

(घ) अपाङ्गता भएका विद्यार्थीको लागि आवश्यक पर्ने खेलकूदका सामग्रीहरु,

(ङ) शिक्षामा सहजता प्रदान गर्ने सुचना तथा प्रवृधि र

(च) सिकाइमा पहुँच बढाउने खालका सफ्टवयरको विकास तथा वितरण

## परिच्छेद—६

## सीप विकास तथा रोजगारी

२०. सहुलियत दरमा ऋण उपलब्ध गराउने : (१) पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्ति वा परिवारलाई बैंक तथा वित्तीय संस्थाबाट नेपाल सरकारको जमानतमा न्युनतम व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, क्षमताका आधारमा निजले प्रस्ताव गरेको पेशा वा व्यवसायका लागि आवश्यक संभाव्यताको मुल्याङ्कन गरी निश्चित मापदण्ड शर्त निर्धारण गरी आवश्यक विउपूँजी उपलब्ध गराउनेछ ।

२१. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने: नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म देहाय बमोजिमका प्राथमिकताका आधारमा अपाङ्गता भएका व्यक्तिलाई कम्तिमा पाँच प्रतिशत स्थानमा नियुक्ति गर्नु पर्नेछ :

(क) अपाङ्गता र कामको प्रकृतिको आधारमा बढी उपयुक्त देखिएको व्यक्ति,
(ख) विपन्न परिवारको अपाङ्गता भएको व्यक्ति,
(ग) प्रचलित कानून बमोजिम पिछडिएको क्षेत्रको अपाङ्गता भएको व्यक्ति,
(घ) गम्भीरताको आधारमा पुर्ण अशक्त अपाङ्गता भएको ब्यक्ति।

२२. अभिलेख राख्नु पर्ने: सार्वजनिक एवम निजी प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको देहाय बमोजिमको विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेछ :

(क) अपाङ्गता भएका व्यक्तिको नाम, थर र ठेगाना, निज कार्यरत रहेको पद
(ख) सेवाको प्रकार : स्थायी, अस्थायी, करार, ज्यालादारी,
(ग) अपाङ्गताको परिचयपत्रको किसिम,
(घ) प्रतिष्ठानमा भर्ना भएको मिति,
(ङ) प्रतिष्ठानमा लगाइएको काम,
(च) उपलब्ध गराइएको सेवा सुविधाको विवरण (तलव, भत्ता, विमा, सहयोगी सेवा, कोषकट्टी लगायतका सेवा सुविधाहरू),
(छ) प्रतिष्ठानले आवश्यक ठानेको अन्य विवरण ।

## परिच्छेद—७

## स्वास्थ्य, पुर्नस्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

२३. निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने: (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउँदा निःशुल्क उपचारको व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकाले गम्भीर प्रकृतिका रोग भनेर परिभाषित गरेका रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई त्यस्तो अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पुर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

(३) नेपाल सरकारले वार्षिक रुपमा …………….. रूपैयाँ भन्दा कम आय भएका परिवारका अपाङ्गता भएका व्यक्तिलाई ऐनको दफा २८ को उपदफा १

बमोजिमको आय भन्दा कम आय भएका परिवारका अपाङ्गता भएका व्यक्तिलाई पुर्ण रुपमा निःशुल्क र अन्यको हकमा स्वीकृति प्राप्त चिकित्सकको सिफारिसमा त्यस्ता व्यक्तिले सेवन वा प्रयोग गर्नुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टरको खरिदका लागि निःशुल्क रुपमा त्यस्तो रकम स्थानीय तह मार्फत उपलब्ध गराउनेछ ।

२४. <u>पुर्नस्थापना केन्द्रको स्थापना र सञ्चालन</u> : (१) ऐनको दफा २९ उपदफा (३) बमोजिम पुर्नस्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण खोली सम्बन्धित स्थानीय तहको सिफारिस सहित स्वीकृतिको लागि अनुसूची-६ बमोजिमको ढाँचमा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) पुर्नस्थापना केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पुर्वाधारको विवरण,

(ग) पुनर्स्थापना केन्द्रले उपलब्ध गराउने सेवा, सुविधा र प्राविधिक क्षमताको विवरण

(घ) पुर्नस्थापना केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण

(ङ) आर्थिक श्रोतको विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा नियम ३० बमोजिमको पुर्वाधार तथा सुविधा भएको वा हुन सक्ने देखिएमा कार्यालयले त्यस्तो संस्थालाई पुर्नस्थापना केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची-७ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ । त्यसरी स्वकृिति दिइएकोमा पुर्नस्थापना केन्द्र रहने स्थानीय तहलाई समेत जानकारी दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम सञ्चालन भई रहेका पुनर्स्थापना केन्द्रका सञ्चालकले एक वर्षभत्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) कार्यालयले यस नियमावली विपरीत पुर्नस्थापना केन्द्र स्थापना र सञ्चालन गर्ने वा नियम २५ बमोजिमको मापदण्ड पूरा नगर्ने वा मन्त्रालय वा कार्यालयले दिएको निर्देशन पालना नगर्ने पुर्नस्थापना केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ ।

२५. <u>पुर्नस्थापना केन्द्रको स्थापना सञ्चालन मापदण्ड</u> : (१) ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न देहाय बोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछः—

(क) अपाङ्गता भएका व्यक्तिलाई पुर्नस्थापनाको लागि न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक स्वास्थ्य सेवा तथा औषधोपचारको सेवा समेतको उपलब्ध गराउन सक्ने,

(ग) अपाङ्गता भएका व्यक्तिलाई खेल तथा मनोरन्जको लागि आवश्यक खुला स्थान भएको,

(घ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार शिक्षा तथा सीपमुलक तालीम प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने, र

(ङ) पाँचजना अपाङ्गता भएका ब्यक्ति बरावर एक जना पुर्नस्थापना केन्द्रको हेरचाह सम्बन्धि तालिम प्राप्त आयाको प्रवन्ध भएको ।

(च) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

(२) पुर्नस्थापना केन्द्रको सञ्चालन सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशका जारी गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु पुनर्स्थापना केन्द्रको कर्तव्य हुनेछ ।

(३) पुर्नस्थापना केन्द्रले अपाङ्गता भएको व्यक्तिको हेर विचार गर्ने सम्बन्धमा तालीम प्राप्त वा तत् सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरुबाट अपाङ्गता भएको व्यक्तिको हेर विचार तथा पुर्नस्थापना को व्यवस्था मिलाउनु पर्नेछ ।

२६. <u>पुर्नस्थापना केन्द्रको व्यवस्थापन</u> : (१) पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने संस्थाले पुर्नस्थापना केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति रहनेछ । जस्मा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) पुर्नस्थापना केन्द्रको प्रमुख -संयोजक

(ख) सम्बन्धि स्थानीय तहको अधिकृत प्रतिनिधि -सदस्य

(ग) अपाङ्गत भएका ब्यक्तिहरुमध्येबाट एक जना प्रतिनिधि -सदस्य

(घ) स्थानीय समाजसेवी एक जना महिला सहित दुइजना प्रतिनिधि -सदस्य

(३) ब्यावस्थपन समितिले प्रचलित ऐन कानूनको परिधिभित्र रही पुर्नस्थापन केन्द्रको सञ्चालन कार्यविधि तय गर्न सक्नेछ ।

(४) पुर्नस्थापना केन्द्रमा रहेका प्रत्येक अपाङ्गता भएका व्यक्तिको छुट्टा छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ ।

२७. <u>पुर्नस्थापना केन्द्रको अनुगमन</u> : (१) ऐन तथा यस नियमावली बमोजिम पुर्नस्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा स्थानीय समन्वय समितिले समय समयमा निरिक्षण तथा अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण र अनुगमन गर्न खटिएका पदाधिकारी वा कर्मचारीले निरीक्षण तथा अनुगमन गरी समन्वय समिति र कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यालयले आफू समक्ष प्राप्त अनुगमन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

२८. <u>अनुदान उपलब्ध गराउन सक्ने</u> : पुनर्स्थापना केन्द्रको भौतिक पुर्वाधार, सेवा सुविधा र पुनर्स्थापित व्यक्तिको संख्याको आधारमा ऐनको दफा २९ को उपदफा ३ बमोजिम स्वीकृति प्राप्त पुर्नस्थपना केन्द्रलाई नेपाल सरकारले अनुदान उपलब्ध गराउन सक्नेछ ।

२९. <u>पुर्नस्थापना केन्द्र बन्द गर्ने सम्बन्धी व्यवस्था</u> : (१) सञ्चालनमा रहेको पुर्नस्थापना केन्द्र बन्द गर्नु परेमा कारण सहितको व्यहोरा खुलाई पुर्नस्थापना केन्द्रले कम्तिमा ६ महिना अगाडी स्थानीय तहको सिफारिस सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिदा उक्त पुनर्स्थापना केन्द्रमा भएका अपाङ्गता भएका व्यक्तिगत विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी आफ्नो अभिलेखबाट त्यस्तो केन्द्रको नाम कट्टा गरी त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनेछ । यसरी बन्द भएका पुर्नस्थापना केन्द्रको सम्पुर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(३) बन्द गर्न माग गरिएको पुनस्थापना केन्द्र सञ्चालन गर्न आवश्यक भएमा कार्यालयले स्थानीय तहको समेत संलग्नता र लगानीमा त्यस्तो केन्द्र सञ्चालन गर्ने वा कुनै प्रतिष्ठानलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) पुर्नस्थापना केन्द्र बन्द हुँदा पुर्नस्थापित अपाङ्गता भएका ब्यक्तिलाई कार्यालय र स्थानीय तहले अन्य ठाउँमा पुर्नस्थापित गराउनु पर्नेछ ।

३०. <u>आचारसंहिता पालना गर्नु पर्नेः</u> पुर्नस्थापना केन्द्रले स्थानीय समन्वय समितिबाट स्वीकृत गराई पुर्नस्थापना केन्द्रका पदाधिकारी तथा कर्मचारीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नेछ ।

३१. <u>पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालनः</u> (१) कोषको रकम मन्त्रालयले तोकेको नेपालको कुनै वाणिज्य बैकमा खाता खोली जम्मा गरिनेछ ।

(२) ऐनको दफा ३० को उपदफा (३) बमोजिमको पुनर्स्थापना कोषको खाता मन्त्रालयको सचिवले तोकेको अधिकृत र मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) पुनर्स्थापना कोषको रकम पुनर्स्थापना केन्द्रको सञ्चालनको लागि उपलब्ध गराउन सकिनेछ।

(४) कोषको रकम एनको दफा ३० को उपदफा (१) मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

३२. <u>सामाजिक सुरक्षाः</u> (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बन पुर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले निर्णय गरे बमोजिमको मासिक रुपमा जीवनयापन भत्ता उपलब्ध गराउनेछ ।

(३) उपनियम (२) मा जेसुकै लेखिएको भएतापनि विपन्न परिवारका अपाङ्गता भएका बेरोजगार व्यक्तिलाई नेपाल सरकारले बेरोजगार भत्ता समेत उपलब्ध गराउन सक्नेछ ।

(४) अपाङ्गता भएका ज्येष्ठ नागरिकलाई प्रचलित कानून बमोजिम उपलब्ध गराईने सामाजिक सुरक्षा भक्ताको अतिरिक्त नेपाल सरकारले निर्णय गरे बमोजिमको अपाङ्गता ज्येष्ठ नागरिक भक्ता मासिक रुपमा उपलब्ध गराउनेछ ।

(५) पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको एकजना सहयोगिलाई त्यस्तो अपाङ्गता भएका व्यक्तिले उपनियम (२) बमोजिम पाउने भक्ता बराबरको रकम मासिक रुपमा सहयोगी भक्ताको रुपमा उपलब्ध गर्राईनेछ ।

(६) सहयोगि सेवाका सम्बन्धमा छुट्टै निर्देशिका बनाइ लागू गरिनेछ ।

३३. <u>सांस्कृतिक अधिकार तथा मनोरञ्जन</u> : अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न ऐनको दफा ३३ बमोजिमको व्यवस्थाको अतिरिक्त नेपाल सरकारले देहायको व्यवस्था गर्नेछः—

(क) अपाङ्गता भएका व्यक्तिको सहभागितामा सांस्कृतिक प्रतियोगिता आयोजना गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको मनोरन्जनको लागि स्थानिय स्तरमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

३४. <u>खेलकुदमा सहभागी गराउनेः</u> (१) खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन ऐनको दफा ३४ को कार्यको अतिरिक्त देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(क) खेलकुदका लागि चाहिने भौतिक पुर्वाधारका विकास कार्यक्रम

(ख) खेलकुदका लागि क्षमता विकासका कार्यक्रम

(ग) खेलकुदका प्रतियोगिता सञ्चालन गर्ने ।

(२) अपाङ्गता सम्बन्धि खेलकुद संचालन गर्दा दोभाषे, ब्यक्तिगत सहयोगी सेवा र स्वास्थ्य उपचार जस्ता अपाङ्गताका विविधताका आधारमा अन्य सेवाहरु उपलब्ध गराइनेछ ।

(३) खेलकुद सम्बन्धि सचेतनामुलक सामग्री सूचना तथा जानकारी साकेतिक भाषा, ब्रेल, क्याप्सनिङ्ग, स्पर्श साकेतिक भाषा र ठुला लिपीमा प्रकाशन तथा प्रशारण गरिनेछ ।

(४) अपाङ्गता भएका ब्यक्तिका खेलकुद सामग्री, खेलमैदानलाई पहुँचयुक्त बनाउन प्रयोग गरीने अन्य सामग्रीहरु आयात गर्दा भन्सार छुट गरिनेछ ।

(५) अपाङ्गता भएका ब्यक्तिका खेलकुदको विकास प्रवर्द्धन प्रतियोगिता सञ्चालन, तालिम आवश्यक अनुदान र खेलका प्रकृति र अपाङ्गताको विशिष्ठिकृत आवश्यकता अनुसार तालिम प्राप्त प्रशिक्षक वा अन्य जनशक्ति उपलब्ध गराउनेछ ।

(६) अपाङ्गता खेलकुद पाठयक्रम निर्माण गरी सोको कार्यान्वयका लागि आवश्यक कार्य र खेलकुद सम्बन्धी अध्ययन अनुसन्धान गरीनेछ ।

(७) खेल मैदानसम्म पुग्ने बाटो, खेल मैदान, शौचालय, कार्यालय, अभ्यास केन्द्र लगायतका सम्पुर्ण भौतिक संरचनाहरुको पुन : डिजाइन गरी पहुँचयुक्त ढाँचामा बनाइनेछ ।

(८) राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडिहरुलाई आवश्यक पुरस्कार र वृति विकासको ब्यावस्था गरिनेछ ।

(९) शैक्षिक संस्थाका खेल शिक्षकहरुलाई खेलकुद सम्बन्धि दिइने तालिम म्यानुअलमा संशोधन गरी अपाङ्गता भएका ब्यक्तिको खेलकुदसँग सम्बन्धित विषय वस्तु थप गरी तालिम प्रदान गरिनेछ ।

परिच्छेद—८

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

३५. सवारी साधनबाट यात्रा गर्दा सहुलियत र छुट : सवारी साधनको धनी वा सञ्चालकले अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रुभाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

३६. कर छुट दिने : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रुपमा फेरबदल वा पार्टपुर्जा जडान गर्दा भएको प्रचलति कानून बमोजिम पुर्ण वा आंशिक रुपमा आयकर छुट दिइनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानले अपाङगता भएका व्यक्तिलाई पहुँचयुक्त यातायातका साधान विधुतिय उपकरण जस्ता सुविधा वा सहुलियत प्रदान गर्न खरीद गरेकोमा सोमा लाग्ने करमा छुट दिइनेछ ।

(३) अपाङ्गता भएका ब्यक्तिलाई परिचय पत्रका आधारमा हवाईजहाज, रेल, वस तथा अन्य सार्वजनिक यातायातमा लाग्ने भाडामा पचास प्रतिशत छुट दिइनेछ ।

(४) अपाङ्गता भएका ब्यक्तिले सञ्चालन गरेका ब्यावसायमा लाग्ने करमा ५० प्रतिशत छुट दिइनेछ ।

(५) अपाङ्गता भएका ब्यक्तिको लाग्ने आयकर छुटको सिमा दोब्बर हुनेछ ।

३७. अपाङ्गता भएका व्यक्तिका सन्ततीको लागि शिक्षाको व्यवस्था : (१) नेपाल सरकारले पुर्ण अशक्त, अति अशक्त असाहाय तथा अपाङ्गता भएका विपन्न ब्यक्तिका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्मको शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराउँनेछ ।

(२) उपनियम (१) बमोजिमको छात्रवृत्ति प्राप्त गर्नको लागि सम्बन्धित शैक्षिक संस्थामा भर्नाको निस्सा, स्थानीय समन्वय समितिको सिफारिस, अपाङ्गता भएका व्यक्तिको

परिचयपत्रको प्रतिलिपि तथा नाता प्रमाणित प्रमाणपत्र र विपन्नताको सिफारिस/प्रमाण पेश गर्नु पर्नेछ ।

(३) कुनै प्रतिष्ठानमा कार्यरत कुल कर्मचारीको कम्तिमा २० प्रतिशत अपाङ्गता भएका ब्यक्तिहरु कार्यरत भएमा नेपाल सरकारले सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानून बमोजिम कर छुट दिन वा कार्यस्थलमा सुरक्षाका लागि आवश्यकता पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार ब्यावस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

## परिच्छेद—९

## अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व

३८. नेपाल सरकारको दायित्वः अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापुर्ण जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले देहायका उपायहरुको अवलम्बन गर्नेछ :

(क) अपाङ्गता निवारण तथा रोकथामको लागि आवश्यक सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ख) अपाङ्गता भएका व्यक्तिको हेरचाह तथा उनीहरुको क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गर्ने गराउने,

(ग) सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माणलाई अपाङ्गतामैत्री बनाउन विभिन्न निकाय तथा संस्थालाई निर्देशन दिने,

(घ) सबै स्थानीय तहमा विपद ब्यावस्थापन सम्बन्धी खोज तथा उद्धार समितिमा अपाङ्गता भएका ब्यक्तिका लागि आधारभूत आवश्यक सामग्री भण्डारणको ब्यावस्था गर्नु पर्नेछ ।

(ङ) सडकमा रहेका असहाय अपाङ्गता भएका ब्यक्तिलाई आधारभुत शिक्षा र स्वास्थ्य सहितको संरक्षणको ब्यावस्था स्थानीय तहले गर्नेछ ।

(च) अपाङ्गता भएका ब्यक्ति स्वास्थ्य संस्थामा सेवा लिन आएमा उपचारबापत लाग्ने कुनै पनि किसिमको धरौटि नलिइ उपचार गराउनु पर्नेछ। यसरी उपचार गराउँदा लागेको रकम संरक्षक वा अभिभावकबाट र असहाय अपाङ्गता भएका ब्यक्तिको हकमा नेपाल सरकारबाट सोधभर्ना लिने ब्यवस्था गरिनेछ।

३९ अपाङ्गता भएका ब्यक्तिप्रति सामाजिक उत्तरदायित्व : (१)प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका ब्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरुको सम्बर्द्धन र प्रवर्द्धनका लागि कुल आयको न्युनतम ०.५ प्रतिशत रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकम अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरुको श्रृजना, अभिबृद्धि, जनचेतना, क्षमता विकास लगायतका कार्यहरुका लागि खर्च गरिनेछ ।

(३) वस, रेल, हवाइजहाज तथा अन्य सार्वजनिक यातायातका साधनहरुमा अपाङ्गता भएका व्यक्तिका लागि कम्तिमा पाँच प्रतिशत सिट सुरक्षित गरिनेछ ।

## परिच्छेद–१०

## विविध

४०. घुम्ती सेवा सञ्चालन : ऐनको दफा ५९ बमोजिम प्रत्येक स्थानीय तहले अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधा घरदैलोमै उपलब्ध गराउँन आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम घुम्ती सेवा सञ्चालन हुने अवधि तथा उपलब्ध हुने सेवाका सम्बन्धमा कम्तीमा पन्ध्र दिन अगावै सञ्चार माध्यमबाट सूचना प्रवाह गरी र सम्बन्धित वडाहरुमा समेत सार्वजनिक सूचना दिनु पर्नेछ ।

(३) घुम्ती सेवा सञ्चालन गर्दा मन्त्रालयले आवश्यकता अनुसार अपाङ्गता भएका व्यक्तिको लागि स्वास्थ्य जाँच, हेरचाह सम्बन्धी प्रशिक्षण, अपाङ्गतापन रोकथाम तथा निवारणका उपायको विषयमा जानकारी तथा अपाङ्गता भएका व्यक्तिलाई ऐन तथा यस नियमावली बमोजिम उपलब्ध गराउने सेवा तथा सुविधा समेत उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

४१. अनुसूचीमा हेरफेर तथा थपघटः मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४२. खारेजी र बचाउः (१) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ खारेज गरिएको छ ।

(२) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

श्री कार्यालय प्रमुख
मार्फत.........गाउँ/नगरपालिका

मिति :...............

**विषय : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउँ ।**

महोदय,

म निम्नलिखित कारणले अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउन योग्य भएकोले सो आधारमा उक्त परिचयपत्र पाउन अनुरोध गर्दछु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा मेरो परिचयपत्र रद्द गरेमा वा भविष्यमा समेत परिचयपत्र नपाउने गरी अयोग्य ठहऱ्याएमा वा प्रचलित कानुनबमोजिम अन्य सजाय भोग्नुपरेमा भोग्न मञ्जुर छु ।

१. नाम थर .................... ................... उमेर ................. ......... लिङ्ग ............ .........

२. ठेगाना : प्रदेश नं :

(क) स्थायी ठेगाना : ...................पालिका, वडा नं.............. टोल .............

(ख) अस्थायी ठेगाना : .................पालिका, वडा नं...................टोल .............

(ग) सर्म्पर्क टेलिफोन वा मोबाइल नं. .............. ................. .................

३. संरक्षक/अभिभावकको नाम थर .................... .............. निवेदकको नाता ...............

४. संरक्षक/अभिभावकको टेलिफोन वा मोबाइल नं. .............. ................... .............

५. नेपाल सरकारको परिभाषा र वर्गीकरणअनुसार अपाङ्गताको प्रकार ......................

६. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार ............... शरीरको अङ्ग वा भागको नाम ..............................

८. अपाङ्गपन भएपछि सो भाग वा अङ्गको अवस्था .......... .......... ............................

९. अपाङ्गताको कारण उपयुक्त स्थानमा चिनो लगाउनुहोस् )

क) रोगको दिर्घ असर ख) दुर्घटना ग) जन्मजात

घ) सशस्त्र द्वन्द्व ङ) वंशानुगत च) अन्य .............

१०. अपाङ्गता भएपछि शारीरिक रूपमा देखापरेको समस्या वा अप्ठेरो .............. ...................

११ सहायक सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस् )

क) भएको ख) नभएको

१२. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ -. ................

१३. सहायक सामग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस )

क) गर्ने गरेको ख) गर्ने नगरेको

१४. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ........................ ...........

१५. अन्य व्यक्तिको सहाराबिना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ -

क) ........................ ख)............................ ग) ..........................

घ) .......................... ङ) ........................ च) ...........................

१६. अन्य व्यक्तिको सहारा लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ -

क) ........................ ख)............................ ..... ग) ..........................

घ)........................ ङ)............................ च) ...........................

१७. पछिल्लो शैक्षिक योग्यता -उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

क) निरक्षर ख) साक्षर ग) प्राथमिक तह घ) निम्न माध्यमिक तह

ङ) माध्यमिक तह च) उच्च माध्यमिक तह छ) स्नातक तह

ज) स्नातकोत्तर तह झ) विद्यावारिधी तह

१८. कुनै तालिम प्राप्त गर्नुभएको भए :

क) ........................ ख)............................ ग) .......................... घ) .........................

१९. हालको पेसा :

क) अध्ययन ख) खेती किसानी ग) स्वरोजगार घ) सीप सिजनार ङ) अध्ययन

च) सरकारी नोकरी छ) निजी क्षेत्रमा नोकरी ज) केही नगरेको झ)अन्य .....

निवेदक

नाम ......... .............. ..............

............... ................ ...........

**अनुसूची २**

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**अपाङ्गता भएका व्यक्तिको परिचयत्रको ढाँचा**

नेपाल सरकार

*निशाना छाप* **महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

..................................................

परिचयपत्र नम्बरः -

फोटो

# अपाङ्गता परिचय-पत्र

१) नाम, थरः-

२) ठेगानाः क) प्रदेशको नाम: ख) स्थायीः-

ग) अस्थायीः-

३) जन्ममितिः-

४) नागरिकता नम्बरः- ५) लिङ्गः- पुरुष/महिला/अन्य

६) विवाहित/अविवाहितः- ७) शैक्षिक योग्यताः-

८) पेशाः-

९) अपाङ्गताको किसिमः-

१०) बाबु/आमा वा संरक्षकको नाम, थरः-

११) ठेगानाः-

१२) अपाङ्गता भएको व्यक्तिसँगको नाताः-

१३) अपाङ्गता भएका (सम्बन्धित) व्यक्तिको दस्तखतः-

| दायाँ | बायाँ |
|---|---|
| | |

१४) परिचय प्रदान गर्ने अधिकारीकोः

दस्तखतः-

नाम, थरः-

पदः कार्यालय प्रमुख

कार्यालयः-

जिल्लाः-

मितिः-

१५) परिचयपत्र वाहकले प्राप्त गरेको सेवा सुविधाः-

१६) प्राप्त सेवा, सुविधाको विवरणः-

१७) सेवा, सुविधा प्रदान गर्ने निकायः-

१८) सेवा, सुविधा प्राप्त मितिः-

१९) सेवा प्रदायकको हस्ताक्षरः-

द्रष्टव्यः-

१. यो परिचय-पत्र सुरक्षित राख्नुपर्नेछ ।

२. यो परिचय-पत्र कसैले पाएमा कुनै पनि महिला विकास कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा बुझाइ दिनुहोला ।

## अनुसूची ३
(नियम ६ सँग सम्बन्धित)
## उजुरीको ढाँचा

मिति :

श्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिहदरवार काठमाण्डौ ।
मार्फत, श्री कार्यालय प्रमुख ............... कार्यालय ।

**बिषय : उजुरी सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म श्री .....................ले/श्री.............................. को तर्फाट म श्री ........................... ले अपांगता परिचयपत्र पाउनको लागि मिति ............................ मा श्री ................ कार्यालयमा निवेदन दिएकोमा ................. ले मिति ................. मा मलाई/................ व्यक्तिलाई अपांगता परिचयपत्र दिन नमिल्ने भनि निर्णय गर्नु भएको जानकारी प्राप्त हुन आएकोछ । उक्त निर्णण देहायका आधार तथा प्रमाणबाट त्रुटिपूर्ण भएको कारण मेरो चित्त नबुझेकोले अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा (४) को उपदफा (७) तथा अपाङ्ता भएका ब्यक्तिको अधिकार सम्बन्धि नियमावली २०७४ को नियम ६ बमोजिम यो उजुरी गरेको छु । अतः मेरो संलग्न आधार तथा प्रमाणको आधारमा अपांगता परिचयपत्र पाउने गरी निर्णय गरी पाऊँ ।

क **मैले/निवेदकले अपांगता परिचयपत्र पाउने आधारहरु देहाय बमोजिम रहेका छन् :–**

१ ...............
२ ....................
३ ....................
४ ....................

ख **यस विषयमा देहायका प्रमाण संलग्न गरेको छु**

१ ...............
२ ....................
३ ....................

**ग** <u>संलग्न कागजातहरु</u>

१ परिचय पत्र दिन नमिल्ने भनि गरेको निर्णयको जानकारी,
२ नागरीकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
३ अपाङ्गता भएको ब्यहोरा खुल्ने गरी चिकित्सकले गरेको सिफारीशको प्रतिलिपि

**निवेदनको**
दस्तखत :
नाम थर :
ठेगाना
अभिभावक वा संरक्षकको नाम :

## अनुसूची ४

(नियम ६ को उपनियम (१) र (२) सँग सम्बन्धित)

अपाङ्गता भएका व्यक्तिको अभिलेखको ढाँचा

कार्यालयमा राखिने अभिलेख नियम ६ को उपनियम १ र २ सँग सम्बन्धित

क्रम संख्याः-

परिचयपत्र नम्बरः-

१) नाम, थरः-

२) ठेगानाः क) प्रदेश नं ख) स्थायीः- ग) अस्थायीः-

३) जन्ममितिः- ४) नागरिकता नम्बरः-

५) लिङ्गः- पुरुष/महिला/अन्य ६) विवाहित/अविवाहितः-

७) शैक्षिक योग्यताः- ८) पेशाः-

९) अपाङ्गताको किसिमः-

१०) बाबु/आमा वा संरक्षकको नाम, थरः-

११) ठेगानाः-

१२) अपाङ्गता भएको व्यक्तिसँगको नाताः-

१३) अपाङ्गता भएका (सम्बन्धित) व्यक्तिको दस्तखतः-

दायाँ बायाँ

१४) परिचय प्रदान गर्ने अधिकारीकोः

दस्तखतः-

नाम, थरः-

पदः

कार्यालयः-

जिल्लाः-

मितिः-

१५. परिचय-पत्र वाहकले प्राप्त गरेका सेवा, सुविधाः-

१६. प्राप्त सेवा सुविधाको विवरणः-

१७. सेवा, सुविधा प्रदान गर्ने निकायः-

१८. सेवा, सुविधा प्राप्त मितिः-

## अनुसूची ५

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

१. व्यक्तिगत सहयोगी

२. साङ्केतिक भाषा दोभाषे
३. स्लेट, स्टाइलस
४. ब्रेल मेमो
५. ब्रेल डिस्पले
६. ब्रेल नोट टेकर
७. ब्रेल इम्बोर्सर्रस
८. डेजी प्लयर्स
९. स्मार्ट सेतो छडि
१०. बाटर इन्डिकेटर
११. लाइट इन्डिकेटर
१२. पेन फरेन्ड
१३. टर्किक वार्च (बोल्ने घडि)
१४. टर्किक क्यालकुलेटर
१५. दृष्टिविहीनहरुका लागि खेलकुदका सामानहरु (आवाजयुक्त बल, टेनिस बल, क्रिकेट बल)
१६. आवाजयुक्त भान्साका सामानहरु
१७. दृष्टिविहीनहरुका लागि अध्ययनमा सघाउ हुने उपकरण तथा शैक्षिक सामागी्रहरु
१८. ब्रेल पेपर
१९. ब्रेल पाठ्य पुस्तक तथा अध्ययन सामाग्री
२०. ह्वीलचियर
२१. वैसाखी
२२. हिँड्ने लठ्ठी
२३. वाकर
२४. इल्वो क्रचेस
२५. क्यालिपर
२६. विशेष प्रकारको जुत्ता
२७. कृत्रीम हात र खुट्टा
२८. मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूको लागि क्याथेटर र डाइपर
२९. विशेष प्रकारको कमोड
३०. श्रवण यन्त्र
३१. सेतो छडी
३२. ब्रेल सामग्री : पेपर, पुस्तक, स्टाइलस, लेख्ने
३३. ब्रेल मेमो
३४. म्याग्नीफाइङ ग्लास

३५.	उच्च क्षमताको चस्मा

३६.	स्वर यन्त्र

**अनुसूची-६**

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

पुनर्स्थापना केन्द्र सञ्चालनको स्वीकृतिको निवेदन

मितिः

**विषय : पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृति ।**

श्री महिला तथा बालबालिका कार्यालय

................ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७४ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न देहायको विवरण भएको हाम्रो संस्था इच्छुक भएकाले स्वीकृतिका लागि निवेदन गर्दछौ ।

(क) संस्थाको नामः

(ख) संस्थाको ठेगानाः

(ग) संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

(घ) सम्पर्क गर्नु पर्ने व्यक्तिः

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७४ तथा सो अन्तर्गत बनेको निर्देशिका, स्थानीय तह तथा स्थानीय समन्वय समिति र कार्यालयले दिएको निर्देशन बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न मञ्जुर गर्दछु ।

संस्थाको आधिकार प्राप्त व्यक्तिको,

दस्तखतः

नाम, थरः

सम्पर्क ठेगानाः

**अनुसूची -७**

(नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृति

............................................. (संस्थाको नाम) लाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी  नियमावली, २०७४ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।

मितिः

स्वीकृति दिने अधिकारी